आज मिति २०८३/०३/०८ गते दिनको २:०० बजे यस बैजनाथ गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश बहादुर शाही** ज्यूको अध्यक्षतामा अध्यक्ष ज्यूको कार्यकक्षमा कार्यपालिकाको बैठक बसी तपसिलका उपस्थितिमा देहायका निर्णय गरियो ।

तपसिल

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर शाही | अध्यक्ष | |
| २ | निर्मला रोकाया | उपाध्यक्ष | |
| ३ | रुप बहादुर मल्ल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | निखिल बैगार | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | प्रेम बहादुर शाही | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | देव बहादुर रावत | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | भूपाल पुन मगर | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | दिनेश कुमार थारु | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | भगन थारु | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | रुपा थापा | कार्यपालिका सदस्य | |
| १२ | भुमिसरा राना | कार्यपालिका सदस्य | |
| १३ | मन्जु ओली | कार्यपालिका सदस्य | |
| १४ | कृष्णा कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १५ | फरीदुद्दीन हलवाई | कार्यपालिका सदस्य | |
| १६ | कमान सिंह सुनार | कार्यपालिका सदस्य | |
| | अन्य उपस्थिति | | |
| १ | कमल राज उपाध्याय | प्र.प्र.अ. | |
| २ | पूर्ण प्रसाद जैसी | ब ले अ | |
| ३ | तमराज आचार्य | प्रशासकीय अधिकृत | |
| | | | |

CamScanner

प्रस्तावहरु:

१. बैजनाथ गाउँपालिकाको आ.व. २०८३/०८४ का लागि नीति तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

२. बिनियोजन बिधेयक, आर्थिक बिधेयक, बजेट तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

३. करार कर्मचारीको म्यादथप सम्बन्धमा ।

४. रकमान्तर सम्बन्धमा ।

५. गै.स.स. ले पेश गरेका कार्यक्रम सम्बन्धमा ।

६. योजना/कार्यक्रम माग सिफारिस सम्बन्धमा ।

७. प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

८. निर्देशन सम्बन्धमा ।

९. बेरुजु सम्बन्धि प्रतिवेदन सम्बन्धमा ।

१०.वहुवर्षीय योजना/ कार्यक्रमको हकमा रकमको स्रोत सुनिश्चतता सम्वन्धमा।

११.निर्माण भएका कानूनहरुको समर्थन गर्ने सम्वन्धमा।

१२.तलब भत्ता वृद्धि सम्वन्धमा।

१३.त्रैमासिक खर्च समिक्षा तथा अनुमोदन सम्वन्धमा।

१४.गाउँपालिका अनुदान अन्तर्गतका शिक्षकहरुको करार म्याद थप र तलव समायोजन गर्ने सम्वन्धमा।

१५.आर्थिक सहायता सम्बन्धमा ।

१६.तटबन्धन सम्बन्धि योजनाको पहल गर्ने सम्बन्धमा ।

१७.तलब खर्च, आर्थिक सहायत र पालिका शिक्षक अनुदान खर्च रकम अनुमोदन सम्बन्धमा ।

१८.दररेट अनुमोदन सम्बन्धमा ।

१९.समीक्षा र फरफारक र खर्च अनुमोदन सम्बन्धमा ।

२०. सवारी साधन भाडा सम्वन्धमा।

२१.कार्यपालिकाको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

२२. न्यायिक समितिबाट सम्पादन भएका कामकारवाही तथा निर्णय अनुमोदन सम्वन्धमा।

२३. विविध

CamScanner

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व. २०८३/०८४ का लागि बैजनाथ गाउँपालिकाको नीति तथा कार्यक्रम यस कार्यपालिकाबाट सर्वसम्मत पारित गर्दै गाउँसभामा पेश गर्न स्वीकृति दिने ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको बिनियोजन बिधेयक, २०८३, आर्थिक बिधेयक, २०८३, बजेट तथा कार्यक्रम, २०८३/०८४ माथि छलफल गरी सर्वसम्मत पारित गर्दै गाउँसभामा पेश गर्न स्वीकृति दिने ।

३. यस गाउँपालिका वा अन्तर्गत कार्यरत संघीय कार्यक्रम र पालिकाको आन्तरिक श्रोत अन्तर्गत अनुसूची-१ बमोजिमका करार सेवा र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको क्रमशः मिति २०८३ साल श्रावण १ देखि २०८३ साल पौष मसान्त सम्म करार म्याद थप र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था नहुन्जेलसम्म सेवा निरन्तरताका लागि गाउँसभामा पेश गर्ने ।

४. बैजनाथ गाउँपालिकाको आ.व. २०८२।०८३ को लागि स्वीकृत बार्षिक वजेट तथा कार्यक्रमहरुको विभिन्न मितिमा गाउँकार्यपालिकाले गरेको अनुसूची-२ बमोजिमको संशोधन तथा रकमान्तर सम्बन्धि निर्णयलाई अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

५. यस बैजनाथ गाउँपालिका अन्तर्गत संचालन गर्नेगरी आ.व. ०८३।८४ का लागि बिभिन्न गैर सरकारी संस्थाहरुले पेश गरेको वजेट तथा कार्यक्रम स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने ।

६. बैजनाथ गाउँपालिका क्षेत्रभित्र बस्तीस्तरबाट छनौट भई आएका गाउँपालिकाको बजेट रकम अपुग हुन गई बजेट विनियोजन गर्न नसकिएका अनुसूची-३ बमोजिमको योजनाहरु संघीय तथा प्रादेशिक सरकार वा अन्तर्गतका निकायहरुमा बजेट माग/ विनियोजनका लागि सिफारिस गर्ने र अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने।

७. यस बैजनाथ गाउँपालिकाले चालु आर्थिक बर्ष २०८२/०८३ मा खरिद गरिएका अनुसूची-४ अनुसारको सेवा परामर्श सम्बन्धि प्रतिवेदन स्वीकृत गर्ने र अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने ।

८. यस बैजनाथ गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२/०८३ का लागि स्वीकृत योजना तथा कार्यक्रम अनुसार अनुसूची-५ बमोजिमको भुक्तानी/निकासाका लागि प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई निर्देशन दिने र अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने ।

९. यस गाउँपालिकाको लेखा समितिले पेश गरेको अनुसूची-६ बेरुजु सम्बन्धि प्रतिवेदन छलफलका लागि गाउँसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

१०. तपशिलमा उल्लेखित बहुवर्षीय योजना/ कार्यक्रमको हकमा आगामी आ.व. २०८४/०८५ मा बाँकी रकम बिनियोजन गर्ने गरि बजेट रकमको स्रोत सुनिश्चित गर्ने र अनुमोदनका लागि गाउँसभामा पेश गर्ने।

CamScanner